NYC Mayor's Office of Immigrant Affairs

# ICE सँग आफ्ना अधिकारहरूको बारेमा थाहा पाउनुहोस्

**यदि अध्यागमन र भन्सार प्रवर्तन (Immigration and Customs Enforcement, ICE)** एजेन्टहरूले तपाईंलाई सम्पर्क गरे भने, तपाईंसँग अधिकारहरू छन्!



फेब्रुअरी 2025

अङ्ग्रेजी

# ICE मेरो ढोकामा आइपुगेमा म के गर्न सक्छु?



तपाईंले ICE वा अध्यागमनका लागि ढोका खोल्नैपर्छ **भन्ने छैन** । याद गर्नुहोस्, तपाईंसँग मौन रहने **अधिकार छ**।

## यदि ICE/अध्यागमन तपाईंको ढोकामा आइपुगेमा:

**बन्द ढोका पछाडि** बाट, तपाईंले उनीहरू को हुन् र झ्याल, चियाउने प्वालबाट उनीहरूको ब्याज, ID वा व्यावसायिक कार्ड देखाउन वा बन्द ढोका मुनिबाट छिराउन पनि भन्न सक्नुहुन्छ।

तपाईंलाई ढोकामा ICE/अध्यागमन नै आएको भन्ने यकिन भएमा, उनीहरूसँग **न्यायिक पक्राउ पुर्जी** छ कि छैन भनेर सोध्नुहोस्।

न्यायिक पक्राउ पुर्जी भनेको न्यायाधीशद्वारा हस्ताक्षर गरिएको कागजात हो, जसले ICE/अध्यागमनलाई कसैलाई पक्राउ गर्न अनुमति दिन्छ।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

उनीहरूले **होइन, मसँग वारेन्ट छैन,** भने भने तपाईंले उनीहरूलाई भित्र आउन दिनैपर्छ भन्ने छैन। तपाईं भन्न सक्नुहुन्छ,

"म तपाईंसँग कुरा गर्न चाहन्नँ।"

उनीहरूले **हो, मसँग वारेन्ट छ** भने भने, उनीहरूलाई ढोकामुनि छिराउन भन्नुहोस्।

कागजात न्यायाधीशद्वारा हस्ताक्षर गरिएको छ भने, तपाईंले पालना गर्नुपर्ने छ।

ICE तपाईंको घरमा नभएको कोही व्यक्तिलाई खोजिरहेका छन् भने, **तपाईंले जवाफ दिनैपर्छ भन्ने छैन** । तपाईं जवाफ दिन चाहनुहुन्छ भने, तपाईं ICE लाई सम्पर्क विवरण छोड्न अनुरोध गर्न सक्नुहुन्छ। तपाईंले ICE लाई खोजिएको व्यक्ति कहाँ छन् भनेर बताउन त आवश्यक छैन, तापनि झूटो विवरण प्रदान गर्नाले तपाईं जोखिममा पर्नुहुने छ।

आपत्कालीन अवस्थामा, जस्तै सार्वजनिक सुरक्षाको खतरा वा कसैको जीवन खतरामा छ भने, ICE तपाईंको अनुमति विना भित्र आउन सक्छन्। यदि यस्तो भएमा, याद गर्नुहोस्, **तपाईंलाई चुप लाग्ने अधिकार छ।**

# ICE मेरो घरभित्र आए भने म के गर्न सक्छु?

खोजतलास गर्ने कुरामा
म सहमति **छैन** ।



तपाईंको घरमा अनुमति विना ICE प्रवेश गरेमा उनीहरूलाई सिधै यसो भन्न सक्नुहुन्छ: **"म तपाईंहरूलाई मेरो घरमा पस्न अनुमति दिन्नँ। कृपया गइहाल्नुहोस्।"** यसो भन्दैमा उनीहरू सधैँ रोकिन्छन् नै भन्ने छैन, तर यसले भविष्यको कुनै पनि कानुनी मुद्दामा मद्दत गर्न सक्छ।

ICE ले तपाईंको घरमा कोठा वा सामानहरूको खोज गर्न थालेमा, तपाईंले उनीहरूलाई भन्न सक्नुहुन्छ, **"म तपाईंले खोज गर्ने कार्यमा सहमत छैन।"**

उनीहरू सहमति विना खोजतलास जारी राखे भने तपाईंले यही कुरा दोहोर्‍याइरहन सक्नुहुन्छ। तपाईंको घरमा बच्चा वा अन्य कमजोर सदस्य बसोबास गरिरहेका छन् भने तपाईं उनीहरूलाई बताउन सक्नुहुन्छ।

तपाईं कानुन प्रवर्तन अधिकारीहरूसँग शारीरिक झगडामा संलग्न हुनु हुँदैन।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

# ICE मेरो कार्यस्थलमा आएमा म के गर्न सक्छु?



ICE कुनै पनि कार्यक्षेत्रको **सार्वजनिक स्थानमा** कुनै पनि प्रकारको पुर्जी विना प्रवेश गर्न सक्छ।



**सार्वजनिक स्थानहरूमा** निम्न स्थानहरू पर्न सक्छन्: कार्यालयको लबी, सुपरमार्केट, खुद्रा पसल वा रेस्टुरेन्टको भोजन क्षेत्र।

उनीहरूसँग **तपाईंको** रोजगारदाताको अनुमति वा न्यायिक पुर्जी नभएसम्म ICE कानुनी रूपमा कार्यस्थलको **निजी स्थान मा प्रवेश गर्न सक्दैनन्**।

**निजी स्थानहरू** कर्मचारी मात्र प्रवेश गर्न सक्ने स्थानहरू हुन् जहाँ विश्राम कक्ष वा कार्यस्थलको भण्डारण कोठा पर्न सक्छन्।

आपत्कालीन अवस्थामा, जस्तै सार्वजनिक सुरक्षाको खतरा वा कसैको जीवन खतरामा छ भने, ICE तपाईंको अनुमति विना भित्र आउन सक्छन्। यदि यस्तो भएमा, याद गर्नुहोस्, **तपाईंलाई चुप लाग्ने अधिकार छ**।

**रोजगारदाताले** ICE लाई उनीहरूको पहिचानजन्य कागजात देखाउन र ICE सँग न्यायिक पुर्जी देखाउन अनुरोध गर्न सक्ने छन्।

सबै सार्वजनिक स्थलहरूमा जस्तै, कार्यस्थलमा ICE एजेन्टहरूले सम्पर्क गरेमा, **तपाईंले उनीहरूको प्रश्नहरूको जवाफ दिनुपर्छ भन्ने छैन** र तिनलाई तपाईंको रोजगारदाताकहाँ पठाउन सक्नुहुन्छ।

सधैँ झैँ, ICE एजेन्टहरूले तपाईंको खल्ती वा सामान खोज्ने कोशिश गरेमा, तपाईंले **"म खोजतलास गर्न अनुमति दिन्नँ"** भनेर भन्न सक्नुहुन्छ।

जे भए पनि उनीहरूले तपाईंको खोजतलास गर्न थालेमा, तपाईंले शारीरिक रूपमा उनीहरूलाई रोक्न सक्नुहुन्न, तर स्पष्ट रूपमा तपाईं सहमत हुनुहुन्न भनेर भन्नाले भविष्यमा हुने कुनै पनि कानुनी मामिलाहरूमा महत्वपूर्ण हुन सक्छ।

**तपाईं कानुन प्रवर्तन अधिकारीहरूसँग शारीरिक झगडामा संलग्न हुनु हुँदैन।**



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

# यदि मलाई हिरासतमा लिइयो वा पक्राउ परेँ भने म के गर्न सक्छु?



याद गर्नुहोस्, तपाईंसँग **मौन रहने** अधिकार छ। **तपाईंलाई वकिलसँग कुरा गर्ने** अधिकार छ।



यदि तपाईंमा **मेडिकल समस्याहरू** छन् वा **बाल स्याहारको व्यवस्था** गर्नुपर्ने छ भने तपाईंले ICE लाई भन्न सक्नुहुन्छ।




ICE एजेन्टहरूले **तपाईंले चाहेको भाषा नबोल्न सक्छन्** । तपाईंलाई ICE सँगको कुनै पनि कुराकानी वा तपाईंलाई दिइएको कुनै पनि अपोइन्टमेन्ट वा सुनुवाइका लागि दोभासे अनुरोध गर्ने अधिकार छ। तपाईं भन्न सक्नुहुन्छ, **"मलाई दोभासे चाहिन्छ।"**




तपाईंलाई वकिलसँग कुरा गर्ने अधिकार छ। तपाईंले वकिलसँग कुरा गर्नु अघि **कुनै पनि कागजातमा हस्ताक्षर गर्नु** वा **कुनै पनि प्रश्नको उत्तर दिनुपर्दैन** ।



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।



हिरासतमा परेपछि, तपाईंसँग आफ्नो परिवार, साथीभाइ, समुदायका नेता वा वकिललाई **फोन कल गर्ने अवसर** हुने छ।



हिरासतमा, तपाईं आफ्नो परिवार, साथीभाइ, समुदायका नेता र वकिल लगायत **आगन्तुकहरूसँग भेट गर्न सक्नुहुन्छ**। ध्यान दिनुहोस्, **प्रत्येक जेलको आफ्नै नियम हुन्छ**, आगन्तुकहरूले ती नियमहरू पहिले नै समीक्षा गर्नुपर्ने छ।



ICE एजेन्टहरूले तपाईंसँग कुरा गर्न वा पक्राउ गर्न खोजिरहेका छन् भने, रेकर्ड गर्न सुरु गर्नाले वा उक्त कार्य जारी राख्नाले तपाईंलाई जोखिममा पार्न सक्छ। तथापि, **समुदायका मानिसहरूले ICE को रेकर्ड गर्न सक्छन्**, तर तिनले अधिकारीहरूलाई हस्तक्षेप भने गर्न मिल्दैन।

**तपाईंले तपाईं पक्राउ पर्दाको आफूसँग रहेको वा तपाईं पक्राउ परेको देख्ने व्यक्तिबाट प्राप्त कुनै पनि अडियो, भिडियो वा लिखित नोटहरू तपाईंको वकिललाई प्रदान गर्न सक्नुहुन्छ।**

**थप जानकारीका लागि,**
QR कोड स्क्यान गर्नुहोस्

**तपाईं वा तपाईंको प्रियजन देश निकालाको जोखिममा हुनुहुन्छ भने, कुनै योजना बनाउनुहोस्।**

## 1

**आफ्नो कानुनी विकल्पहरू छानबिन गर्नुहोस्। कुनै विश्वासिलो वकिलसँग कुरा गर्नुहोस् र ठगीबाट बच्नुहोस्।**

**1-800-354-0365**

**सोमवारदेखि शुक्रवारसम्म, बिहान 9 बजे देखि साँझ 6 बजे सम्म**

दोभासे सेवा उपलब्ध छ

प्रश्न वा सरोकारहरू भएका आप्रवासी न्युयोर्कवासीहरूले **अध्यागमन कानुनी सहायताको बारेमा जानकारी र सम्पर्कहरूका** लागि मेयरको आप्रवासी मामिला कार्यालय (Mayor's Office of Immigrant Affairs, MOIA) आप्रवासन कानुनी सहायता हटलाइनमा कल गर्नुपर्छ।

अध्यागमन कानुन जटिल हुन्छ। झुटा बाचाहरु संकेत गर्न सक्ने अध्यागमन , कानुनी ठगी  वा छलकपट गरी सेवा  दिने व्यक्तिहरुबाट  सावधान रहनुहोस।

**याद गर्नुहोस्:** वकालतका लागि अनुमतिपत्र प्राप्त नगरेका पब्लिक नोटरीले तपाईंको तर्फबाट अध्यागमन फारामहरू भर्न वा दायर गर्न मिल्दैन। उनीहरूले तपाईंलाई कानुनी सल्लाह पनि दिनु हुँदैन।




यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

## 2 आफ्नो पारिवारिक योजना बनाउनुहोस्।

**एक जना आपत्कालीन सम्पर्क व्यक्ति छनोट गर्नुहोस् र तिनको फोन नम्बर याद गर्नुहोस्।**
आपत्कालीन सम्पर्क व्यक्ति तपाईंले विश्वास गर्ने व्यक्ति हुन सक्छन्, जस्तै परिवारका सदस्य, साथीभाइ, समुदायको नेता वा वकिल।

**आफ्ना कागजातहरू मिलाउनुहोस्** र तिनलाई तपाईंका आपत्कालीन सम्पर्क व्यक्तिहरूले भेटाउन सक्ने सुरक्षित ठाउँमा राख्नुहोस्।

**एकजना वैकल्पिक अभिभावक छनोट गर्नुहोस्: तपाईंलाई हिरासतमा पर्नुभएको खण्डमा तपाईंको बच्चाको स्याहार गर्न तपाईंले विश्वास गर्ने व्यक्ति।**
वैकल्पिक अभिभावकहरूसँग तिनको हेरचाहमा रहेका बच्चाका लागि प्रमुख मेडिकल निर्णयहरू र बच्चालाई कुन स्कुलमा पढाउने भन्ने निर्णयहरू लगायत महत्त्वपूर्ण निर्णयहरू गर्ने अधिकार हुन्छ।

**थप जानकारीको लागि,**
QR कोड स्क्यान गर्नुहोस्

→



यस पुस्तिकामा सामान्य जानकारी मात्र प्रदान गरिएको छ। यो कानुनी सल्लाह होइन। कानुनी सल्लाहका लागि वकिलसँग परामर्श गर्नुहोस्।

# टिपोटहरू

**www.nyc.gov/knowyourrights**

**सबैभन्दा पछिल्लो जानकारीका लागि,**

- **आफ्नो फोनको क्यामेरालाई तलको QR कोडतिर फर्काउनुहोस् र केही सेकेन्डसम्म स्थिर राख्नुहोस्।**
- **जानकारी पहुँच गरेको देखा पर्ने सूचनामा ट्याप गर्नुहोस्।**